# समाज कल्याण परिषद्

पत्र संख्या

च.नं.

केन्द्रीय कार्यालय

पुल्चोक

ललितपुर, नेपाल


मिति : २०७८।१।१९

## राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरुलाई समाज कल्याण परिषद्को अत्यन्त जरुरी सूचना

विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाईरस (कोभिड १९) को नयाँ भेरियन्टको संक्रमण तिव्र रुपमा फैलिरहेको र नेपाल पनि उच्च जोखिममा रहेको, भाईरसको संक्रमणबाट सबै उमेर समुहका मानिसहरुमा जोखिम देखिएको हुँदा नेपाल सरकारले मिति २०७८।१।१६ गते देखि काठमाडौं उपत्यकाका तीन वटै जिल्ला (काठमाडौं, ललितपुर र भक्तपुर) लगायत देशका विभिन्न स्थानमा निषेधाज्ञा जारी गरिएको छ । यस्तो विषम् परिस्थितीको अवस्थामा विगतमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरुको सक्रियतामा राहत तथा प्रतिकार्यको कार्यक्रमहरु संचालन गरी सहयोग पुर्‍याएको स्मरण गर्दै यस पटक पनि परिषद्मा आवद्ध राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरुलाई कोभिड १९ को रोकथाम, नियन्त्रणका लागि राहत तथा प्रतिकार्यका कार्यक्रम संचालन गर्न आवह्न गरिन्छ । नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र समाज कल्याण परिषद्ले तोकेको प्राथामिकताको क्षेत्रमा स्थानीय तहसँग समन्वय गरी निम्नानुसार कार्यक्रम संचालन गर्नको सम्बन्धित सबैको जानकारीको लागी यो सूचना जारी गरिएको छ ।

१. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरुले परिषद्सँग परियोजना सम्झौता गरी तथा स्वीकृति लिई संचालनमा रहेको परियोजनाहरुको कुल बजेटबाट मात्र रकमान्तर (Deviation) गरी कोभिड १९ रोकथाम, उपचार, राहत एवं प्रतिकार्य सम्बन्धी क्रियाकलाप संचालन गर्दा नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले तोकेको प्राथमिकताका क्षेत्रहरुमा (कोभिड-१९ को उपचार सहायताः अक्सिजन, सिलिण्डर, लिक्विड अक्सिजन, अक्सिजन कन्स्न्ट्रेटर, भेन्टिलेटर, आई.सी.यू. लगायतका सामाग्रहरु, इन्फ्रारेट थर्मोमिटर, पल्स अक्सिमिटर, PPE लगायतका सुरक्षा सामाग्रहरुः फेस माक्स, फेस सिल्ड, ग्लोभ्स, सेनिटाईजर आदि, कोभिड-१९ निदानका लागि आवश्यक पर्ने PCR Test, Antigen Test reagents लगायतका सामाग्रीहरु, क्वारेन्टाईन, आईसोलेसन व्यवस्थापन सामाग्रीहरु र कार्यक्रमहरु, अवरुद्ध भएको नियमित स्वास्थ्य सेवा प्रवाहलाई सहयोग गर्ने स्वास्थ्य सामाग्री र कार्यक्रमहरु) केन्द्रित हुनु पर्नेछ । यसरी संचालन गर्ने सामाग्री र कार्यक्रम परिषद् कार्यालयसंगको समन्वयमा संचालन तथा वितरण गर्ने ।


पोष्ट बक्सः २९४८, काठमाडौं, फ्याक्स +९७७-०१-५५५५७७८,

टेलिफोन नं.: ०१-५५५५४४८, ५५५५४९४, ५५५५४९५, इमेलः info@swc.org.np, Website: www.swc.org.np

२. अतिविपन्न परिवार, दैनिक ज्याला मजदुरी गर्ने श्रमजिवीलाई राहत सामग्री तथा खाद्यान्न वितरण गर्दा स्थानीय तहसँग समन्वय गरी वितरण गर्ने र सोको प्रमाण सहित परिषद् कार्यालय र सम्बन्धित स्थानीय तहमा प्रतिवेदन पेश गर्ने ।

३. कोभिड १९ प्रतिकार्यको कार्यक्रम संचालन गर्दा दैनिक ज्यालादारी गर्ने श्रमिकहरु, विदेशबाट नेपाल फर्किएका कामदारहरु लागी रोजगारी सृजना गर्ने कार्यक्रमका साथै महिला, बालबालिका, आपाङ्गता भएका व्यक्ति एवं जेष्ठ नागरिकलाई तत्काल राहत पुग्ने संचालन गर्ने ।

४. उल्लेखित कार्यक्रम ३ महिनाको लागी संचालन गर्ने व्यवस्था मिलाउने र कार्यक्रम संचालन सम्पन्न गरेको प्रत्येक हप्ताको रिपोर्टिङ परिषद्लाई गर्ने र ३ महिनाको अवधि समाप्त भएको १ हप्ताभित्र परिषद्मा एकमुष्ट प्रतिवेदन पेश गर्ने ।

५. परिषद्संग परियोजना सम्झौता गरी एवं पूर्व स्वीकृति लिई संचालित मूल परियोजनाको बजेट भित्रबाट मात्र निम्नानुसार रकम माथि उल्लेखित क्षेत्र तथा बजेट सिमाभित्र रही कार्यक्रम संचालन गर्नुपर्नेछ । सो कार्यक्रम सहितको कार्ययोजना अग्रीम रुपमा परिषद्मा पेश गर्नुपर्नेछ । नयाँ परियोजना वा थप बजेट प्राप्त भई परियोजना सम्झौता संशोधन गर्नुपरेमा परिषद्को विद्यमान नीति अनुरुप हुनेछ ।

तपसिल बमोजिमको सिमामा रहेर स्वीकृत परियोजनाको बजेट रकमान्तर गर्नुपर्नेछ ।

| क्र.स. | स्वीकृत मूल परियोजना बजेट रु. | कोभिड १९ महामारीमा खर्च गर्न सकिने रकम प्रतिशत |
|---|---|---|
| १. | रु. ५ करोड सम्म | २० प्रतिशत |
| २. | रु. १० करोड सम्म | १५ प्रतिशत |
| ३. | रु. २५ करोड सम्म | १० प्रतिशत |
| ४. | रु. ५० करोड सम्म | ७ प्रतिशत |
| ५. | रु. ५० करोड देखि माथि | ५ प्रतिशत |

समाज कल्याण परिषद्
पुल्चोक, ललितपुर


फोन : ०१-५५५५४९४,४९५, इमेल : info@swc.org.np